**बैठक संख्या: १२**

आज मिति २०८१।०१।२० गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |
| श्री· तारा चन्द्र चौधरी | प्र.प्र.अ. |
| श्री· [illegible] | [illegible] |

बैठक मिति :२०८१।०१।२०

निर्णयहरु :

**१. समिक्षा सम्बन्धमा।**

बिगतका कार्यपालिका बैठकबाट विभिन्न मितिमा भए गरेका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल तथा समिक्षा गरियो।

**२. कर्मचारी व्यवस्थापन सम्बन्धमा।**

यस नगरपालिकामा कृषि सेवा, भेटेरिनरी समूह, ,सहायक स्तर चौथो तह, ना.प.स्वा.प्रा.पदमा २ (दुई) वटा स्वीकृत दरवन्दी रहेकोमा कर्मचारी समायोजन ऐन,२०७५ को दफा ७ बमोजिम सोही पदमा समायोजन भई आएका कर्मचारी श्री अब्दुल उमर मुसलमान (क.स.नं. २२४४९) मिति २०७६।०२।२८ गते देखि यस कार्यालयमा हाजिर भई कामकाज गरी रहेकोमा गत आर्थिक वर्षमा त्रुटीवश उल्लेखित दुई वटै दरवन्दी रिक्त रहेको भनि प्रदेश लोक सेवा आयोगको कार्यालय बुटवलमा माग आकृती फाराम पठाईएको र प्रदेश लोकसेवा आयोगको च.नं.१२६४,मिति २०८०।१२।२९ को पत्रबाट उल्लेखित पदमा नियुक्तिको लागि इमरान हवारी र रमाकुमारी जोशी गरी २ जनाको नाम सिफारिस भई आएकोले रिक्त १ (एक) मात्र दरवन्दीमा प्रदेश लोकसेवा आयोगको योग्यता क्रमको आधारमा इमरान हवारीलाई नियुक्ति दिई कामकाजमा लगाईएको तथा रमा कुमारी जोशीलाई नियुक्ती दिन नसकिएको। सो सम्वन्धमा कृष्णनगर नगरपालिकाको कार्यालय कपिलवस्तुमा सोही सेवा,समूह र पदमा दरवन्दी रिक्त भएको भनि उक्त दरवन्दीमा निज रमा कुमारी जोशीलाई नियुक्तिको लागि कृष्णनगर नगरपालिका, नगर कार्यपालिका वैठकबाट निर्णय भई आएकोले निजलाई दरवन्दी रिक्त रहेको कृष्णनगर नगरपालिकामा नियुक्तिको लागि लुम्विनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**३. विभिन्न कार्यविधि सम्वन्धमा।**

विधेयक समितिबाट सिफारिस भई आएका देहायबमोजिमका कार्यविधि स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

तपशिल :-

क. शिवराज नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि,२०८०

ख.अपाङ्गता लक्षित कृषि रोजगार कार्यक्रम संचालन कार्यविधि,२०८०

**४. MTEF कार्यदल गठन सम्वन्धमा।**

स्थानीय तहको मध्यमकालिन खर्च संरचना तर्जुमा दिगदर्शन,२०७८ (परिमार्जित) को दफा २.२.२ बमोजिम यस नगरपालिकाको मध्यमकालिन खर्च संरचना तयारीको लागि देहायबमोजिमको मध्यमकालिन खर्च संरचना तर्जुमा कार्यदल गठन गर्ने निर्णय गरियो।

तपशिल :-

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| सवै विषयगत शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य-सचिव |

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा,कपिलवस्तु लुम्बिनी प्रदेश

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८१।०१।२०

५. **नगर खेलकुद विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा।**

चालु आ.व.२०८०/८१ को राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा रु.७ लाख बजेट विनियोजन भएकोमा स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत नगर खेलकुद विकास समिति मार्फत राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गर्दा बार्षिक स्वीकृत बजेटको सिमा नाघि रु.७४,०००/-बढी खर्च हुन गएकोले उक्त नपुग रकम मेयर/उपमेयर कप प्रतियोगिता शिर्षकबाट भुक्तानी दिने भनि नगर खेलकुद विकास समितिको मिति २०८०।१२।१६ को बैठकबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

६. **आधारभूत अस्पतालमा डिजिटल बोर्ड निर्माण/स्थापना सम्वन्धमा।**

चालु आ.व.२०८०/०८१ को नगरस्तरीय योजना स्वास्थ्य तर्फ अन्तर्गत नमुना स्मार्ट क्लिनिक तथा आधारभूत स्वास्थ्य सेवा अस्पतालको लागि ड़िजिटल बोर्ड स्थापना शिर्षकमा रु.१ लाख बजेट विनियोजन भएकोले प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ मा भएको व्यवस्था बमोजिमका खरिद विधि र प्रकृया अवलम्वन गरी डिजिटल बोर्ड निर्माण/स्थापना गर्ने तथा लेखापरिक्षणको दायित्व समेत अस्पतालकै हुने गरी बिनियोजित रकम अस्पतालको खातामा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय प्रमाणित

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख